नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

# वातावरण विभाग

बवरमहल, काठमाडौं

## सूची दर्तासम्बन्धी सूचना

### सूचना प्रकाशित मिति: २०७५/४/०८

यस विभागको आ.व. २०७४/७५ को लागि आवश्यक पर्ने तपसिलका कार्यहरु गर्नको लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ उप नियम (१) बमोजिम यसै साथ संलग्न निवेदनको ढाचाँमा सूची दर्ता गर्नुपर्ने भएकोले सम्बन्धित निकायमा दर्ता भएका इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले आ-आफ्नो फर्म, संस्था वा कम्पनी दर्ताको नवीकरणसहितको प्रमाण-पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्रको प्रतिलिपि, स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्रको प्रतिलिपि, आन्तरिक राजश्व विभागबाट आ.व. २०७३/७४ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि र सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्वघोषणापत्र समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो कारोबारको संक्षिप्त व्यहोरा तथा पत्राचार गर्ने ठेगाना, सम्पर्क व्यक्तिको नाम एंव फोन (मोबाईल नम्बर स्पष्ट उल्लेख गरी) यस विभागको खरिद व्यवस्थापन इकाइमा सूची दर्ताको निवेदन (रु.१० को टिकट टाँस भएको) दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त निवेदन उपर छानविन गरी सूचीकृत गर्ने/नगर्ने अधिकार यस विभागमा निहीत रहनेछ ।

तपसिल:

**आवश्यक सामान तथा सेवाहरुको विवरण**

१.स्टेशनरी सामानहरुको आपुर्ति(मसलन्द तथा विविध) ।
२.छपाई सम्बन्धी कार्यहरु ।
३.फर्निचर तथा फिर्निसिङ्ग आपुर्ति तथा मर्मत सम्बन्धी कार्यहहरु ।
४.विद्युतिय सामान आपुर्ति तथा मर्मत सम्बन्धी कार्यहरु ।
५.सवारी साधन,पार्टपुर्जा खरिद तथा मर्मत सम्बन्धी कार्यहरु ।
६.हिमाल तथा हिमताल सरसफाई सम्बन्धी कार्य ।
७.खानेपानी (ट्यांकर, जार, मिनरल वाटर) ।
८.प्रदुषण अनुगमन , नियमन, नियन्त्रण सम्बन्धी यन्त्र, उपकरणको आपूर्ति एंव मर्मत सम्भार सम्बन्धी कार्य ।
९.कम्प्युटर,प्रिन्टर,फोटोकपी लगायतका मेसिनरी औजार आपुर्ति तथा मर्मत कार्यहरु ।
१०.प्रयोगशाला उपकरणहरु आपूर्ति तथा मर्मत सम्बन्धि कार्य ।
११.वातावरण ( EIA , IEE ) तथा जलवायू परिवर्तन अनुकुलन र प्रदुषण अनुगमन, नियन्त्रण सम्बन्धी तालिम, गोष्ठी , सेमिनार स्थगल अध्यायन अवलोकन, अनुगमन सम्बन्धि कार्य ।
१२. सुरक्षा सेवा सम्वन्धी ।
१३. सफ्टवेयर निर्माण,अपडेट,कम्प्युटर नेटवर्किङ तथा इन्टरनेट सेवा प्रदान सम्बन्धी ।
१४.स्थानिय अनुकुलन कार्ययोजना ( LAPA) सम्बन्धी परामर्श कार्य ।

१५. वातावरणसँग सम्बन्धित श्रव्य, दृष्य सामाग्री उत्पादन, प्रशारण तथा विज्ञापन/सूचना प्रकाशन प्रसारण सम्बन्धी ।

१६. माटोमा दिर्घायी विषादीको अध्ययन एवं परामर्श सम्बन्धी कार्य ।

१७.कृषि बालीहरुमा कार्वन संलेश्ण सम्बन्धी अध्ययन र परामर्श कार्य ।

१८.कौषी खेती सम्बन्धी परामर्श कार्य ।

१९. सरसफाई सम्बन्धी कार्य ।

<u>सर्तहरुः</u>

क. आवश्यक प्रमाण-पत्रको प्रतिलिपि संलग्न नभएको वा रित नपुगेको निवेदन उपर कुनै कारबाही हुने छैन ।

ख. प्रत्येक समूहको कामका लागि छुट्टाछुट्टै आवेदन दिनुपर्नेछ ।